# अचल सम्पत्ति मूल्याङ्कनकर्ताको सूचिमा समावेश हुनको लागि दिने आवेदन फाराम

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
केन्द्रीय कार्यालय
कर्जा बिभाग

# <u>मूल्याङ्कनकर्ताले बैंकमा दिने निवेदनको नमूना</u>

श्री बिभागीय प्रमुख,
राष्ट्रिय वाणिज्य बैंक लि.
<u>केन्द्रीय कार्यालय, कर्जा विभाग ।</u>

<u>विषयः– मूल्याङ्कनकर्ताको रुपमा सूचिकृत हुन पाउं</u> ।

महोदय,

त्यस बैंकले मिति............... मा दैनिक पत्रिका................ मा प्रकाशित गरेको मूल्याङ्कनकर्ताको रुपमा सूचिकृत हुन दरखास्त दिने बारेको सूचना (बैंकको Website www.rbb.com.np मा उल्लेखित सूचना) अनुरुप सम्पूर्ण शर्त बन्देजहरु पालन गर्न पूर्ण मन्जुर भएको हुनाले रु ...............| अक्षेरुपी ..................................) सम्मको धितो सुरक्षण मूल्याङ्कन गर्न त्यस बैंकको शाखा कार्यालय...............मा के.का.हि.नं.२० बिबिध ८ खातामा जम्मा गरेको आवेदन दस्तुर बापतको भौचर संलग्न राखी आवश्यक कागजात सहित त्यस बैंकको कर्जा / सुविधाको सुरक्षण वापत पारीत हुने अचल सम्पति (घर / जग्गा, मेसिनरी / सवारी साधन ईत्यादी) को मूल्याङ्कनकर्ताको रुपमा सूचिकृत गराई दिने व्यवस्थाको लागि अनुरोध गर्दछु ।

धरौटी बापत राख्नु पर्ने रकम वा सो वापतको बैंक जमानत पत्र शर्तनामा हुनु पूर्व पेश गर्नेछु । छौं

निवेदक,

नाम,थर:

.....................
व्यक्ति / फर्म / कम्पनीको
तर्फबाट अधिकार प्राप्त

## ईन्जिनियर / कन्सल्टेन्सी फर्मको बिवरण

१. ब्यक्ति / फर्म / कम्पनीको नाम:–

२. ब्यक्ति / फर्म / कम्पनीका ठेगाना:–

३. प्रो. / संचालक / साझेदारहरुको नाम, ठेगाना, योग्यता तथा अनुभवको बिवरण:–

| नाम / पद | ठेगाना (अस्थायी / स्थायी) | योग्यता | अनुभव |
|---|---|---|---|

४. संलग्न प्राविधिक (ईन्जिनियर) को नाम, ठेगाना, योग्यता तथा अनुभव:–

| नाम / पद | ठेगाना (अस्थायी र स्थायी) | योग्यता | अनुभव |
|---|---|---|---|

५. फर्म / कम्पनीको दर्ता मिति:–

चालू आ.व.मा नविकरण भए / नभएको:–

६. फर्म / कम्पनीको उद्येश्य:–

७. फर्म / कम्पनीका मुख्य ब्यक्ति को नाम:–

फर्म / कम्पनीका मुख्य ब्यक्तिको ठेगाना:–

८. फर्म / कम्पनीको अधिकार प्राप्त ब्यक्तिको नाम, ठेगाना:–

९. अन्य बैंकको मूल्याङ्कनकर्ताको सूचीमा रहे / नरहेको :–

रहेको भए बैंकको नाम :–

कार्य क्षेत्र :–

सूचीमा रहेको मिति :–

मूल्याङ्कित रकम:–

१०. यस पूर्व यस बैंकको मूल्याङ्कनकर्ताको सूचीमा रहेको / नरहेको:–

सूचीमा रहेको भए गरेको कार्यक्षेत्र र अबधि:–

मूल्याङ्कन गरेको शाखा र मूल्याङ्कित रकम:–

११. हाल मूल्याङ्कन गर्न चाहेको क्षेत्र:–

१२. अन्य केही भए:–

उपर्यूक्त उल्लेखित बिवरणहरु ठिक दुरुस्त छन भनी हस्ताक्षर गर्ने प्रो. / साझेदार / संचालकहरु :–

दस्तखत:............................

व्यक्ति / फर्म / कम्पनीको नाम:–..........................

प्रोपाईटर / साझेदार / संचालक

१)  <u>मुल्याङ्कनकर्ताको योग्यता र अनुभव</u>

बैंकको स्वीकृत सूचीमा समावेश हुने इन्जिनियर तथा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्महरुको न्यूनतम योग्यता निम्न बमोजिम हुनु पर्नेछ ।

(क) नेपाल सरकार, शिक्षा मन्त्रालय, त्रिभुवन विश्वविद्यालय वा अन्य मान्यता प्राप्त स्वदेशी वा विदेशी शैक्षिक संस्थाहरुबाट शैक्षिक प्रमाण–पत्र प्राप्त सिभिल, मेकानिकल इन्जिनियरहरु ।

(ख) मूल्याङ्कनकर्ताहरुको अनुभवलाई गणना गर्दा नेपाल सरकारको कार्यालय वा नेपाल सरकारको पूर्ण वा अर्ध स्वामित्व भएको संस्थान वा विदेशी निर्माण वा एजेन्सी सम्मिलित नेपालमा स्थापित NGOs / INGOs जस्ता कार्यालयहरुमा काम गरेको अनुभवलाई तथा A बर्गका निर्माण कम्पनीमा काम गरेको अनुभवलाई समेत गणना गरिने छ । अन्य बित्तिय संस्था (बैंक) को मूल्याङ्कनकर्ता भई काम गरेको ब्यक्ति तथा फर्मलाई सोहि अनुभवको आधारमा बैंकको स्विकृत सूचीमा समावेश गर्न प्राथमिकता दिईनेछ ।

(ग) निम्न अनुसार अनुभव प्राप्त गरेका सिभिल तथा मेकानिकल इन्जिनियर, ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्महरुले निम्न उल्लेखित ब्यवस्था अनुकूल हुने गरि स्विकृत सूचीमा समावेश हुन दरखास्त दिन सक्नेछन ।

| क्र.स | धितोको मुल्य | न्यूनतम शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| १. | रु.२ करोड सम्म | क. सिभिल इन्जिनियरिङ्गमा बि.ई.पास गरेको इन्जिनियर ।<br>ख. नेपाल सरकारको सम्बन्धित कार्यालयमा दर्ता भएको ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म । | क) सम्बन्धित क्षेत्रमा ३ वर्ष काम गरेको अनुभव ।<br>ख) कम्तिमा ३ वर्ष काम गरेको अनुभव भएका सिभिल इन्जिनियरहरु संलग्न भएको र ३ वर्ष देखि संचालनमा रहेको ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्महरु |
| २. | रु.१० करोड सम्म | नेपाल सरकारको सम्बन्धित कार्यालयमा दर्ता भएको ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म । | कम्तिमा ५ वर्ष काम गरेको अनुभव भएका कम्तिमा २ जना सिभिल इन्जिनियरहरु र २ बर्ष काम गरेको अनुभब भएका १ जना मेकानिकल ईन्जिनियर पनि संलग्न भएको तथा ५ बर्ष देखि संचालनमा रहेको कन्सल्टेन्सी फर्महरु । बाणिज्य बैंकहरुमा मूल्याङ्कनकर्ताको रुपमा कम्तीमा ३ बर्षको अनुभव भएको । |
| ३ | अधिकतम सीमा नभएको | नेपाल सरकारको सम्बन्धित कार्यालयमा दर्ता भएको इन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म । | कम्तिमा ७ वर्ष काम गरेको अनुभव भएको कम्तिमा २ जना सिभिल इन्जिनियरहरु र ३ वर्ष काम गरेको अनुभव भएको १ जना मेकानिकल इन्जिनियर पनि सम्लग्न भएको र ७ वर्ष देखि संचालनमा रहेको कन्सल्टेन्सी फर्महरु । वाणिज्य बैंकहरुमा मुल्यांकनकर्ताको रुपमा कम्तिमा ५ वर्षको अनुभव भएको । |

२) <u>मूल्याङ्कनकर्ताले पुरा गर्नु पर्ने शर्तहरु</u> :

मूल्याङ्कन कार्य गर्नु पूर्व बैंकले तोकेको ढांचामा बैंकसंग संझौता, कवुलियतनामा गर्नु पर्नेछ । बैंकले तय गरेको नीति नियम अनुसार कार्य भएको नपाईएमा वा गलत मूल्याङ्कन गरेको कारणबाट बैंकलाई हानी नोक्सानी हुन गएमा धरौटी रकम जफत गरि नपुग भएमा मूल्याङ्कनकर्ताको घर घरानाबाट असुल गरि लिएमा र नेपाल राष्ट्र बैंकले जारी गरेको कालो सूची सम्बन्धि निर्देशन अनुसार कालो सूचीमा राखेमा मंजुरी छ भन्ने शर्तनामा समेत गर्नु पर्नेछ ।

मूल्याङ्कनकर्ताले स्विकृत सूचीमा समावेश हुन दरखास्त दिंदा निम्न कागजातहरु <u>अनिवार्य</u> रुपमा पेश गर्नु पर्नेछ ।

क)  <u>ईन्जिनियरको हकमा:</u>

१) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (आबश्यकता अनुसार त्रि.बि.बि.स्तर निर्धारण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ )।

२) फर्म/ कम्पनीमा कार्य गरेको भए सो फर्म/ कम्पनीबाट प्राप्त गरेको अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

३) नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

४) बायोडाटा।

५) ईन्जिनियरहरुले नेपाल ईन्जिनियरिङ्ग परिषदबाट प्राप्त गरेको दर्ता प्रमाण–पत्रको प्रमाणित प्रतिलिपि।

ख)  <u>कन्सल्टेन्सी फर्मको हकमा:</u>

१) फर्म / कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

२) आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नविकरण भएको समेत)।

३) प्रोपाईटर / संचालकहरुको शैक्षिक योग्यता (आबश्यकता अनुसार त्रि.बि.बि. स्तर निर्धारण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ) र नागरिकताको प्रमाण–पत्रको प्रमाणित प्रतिलिपि।

४) प्राबिधिकहरुको ब्यक्तिगत बिवरण (कार्यरत ईन्जिनियर/ ओभरसियर तथा स्वयम संचालक) को शैक्षिक योग्यता प्रमाणपत्र (आबश्यकता अनुसार त्रि.बि.बि. स्तर निर्धारण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ),नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, ब्यक्तिगत बिवरण एवं फर्ममा काम गर्न मन्जुर गरिएको स्विकृत पत्र।

५) फर्म / कम्पनीको आबश्यक कागजातहरु **(Profile)** तथा अफिस संरचना।

६) फर्म/ कम्पनीको ईन्जिनियरहरुले नेपाल ईन्जिनियरिङ्ग परिषदबाट प्राप्त गरेको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिबार्य रुपमा पेश गर्नु पर्नेछ।

७. VAT मा दर्ता गर्नको लागि आबश्यक नभएको भन्ने घोषणापत्र वा VAT मा दर्ता भएमा दर्ता प्रमाणपत्र।

ग)  मूल्याङ्कनकर्ताको लागि आवेदन दिन चाहने ईन्जिनियर / फर्महरुले मूल्याङ्कनको अनुभव पेश गर्दा मूल्याङ्कन गरेको रकम खुलाउनुको साथै सोको पुष्ट्याई गर्ने कागजात अनिवार्य पेश भएको हुनु पर्नेछ। साथै अन्य बैंकमा मूल्याङ्कनकर्ता भए सोको सम्झौता प्रमाण–पत्र/ नबिकरण पत्र समेत पेश गर्नु पर्नेछ।

३) <u>मूल्याङ्कनकर्ताले धरौटी राख्नु पर्ने रकम:</u>

बैंकले धितोमा लिने सम्पतिको मूल्याङ्कनकर्ताको रुपमा स्विकृती प्राप्त व्यक्ति / फर्म / कम्पनीले निम्न बमोजिम धरौटी रकम यस बैंकको चल्ती / बचत खातामा एयरमार्क गरि राख्नु पर्नेछ वा यस बैंक बाहेक अन्य क बर्गको इजाजत प्राप्त बित्तिय संस्थाको बैंक जमानत पेश गर्नु पर्नेछ।

| <u>मूल्याङ्कन गर्न सक्ने अधिकतम रकम</u> | <u>धरौटी राख्नु पर्ने रकम</u> |
|---|---|
| • रु.२ करोड सम्म | रु.२,००,०००|– |
| • रु.१० करोड सम्म | रु.४,००,०००|– |
| • अधिकतम सीमा नभएको | रु.७,००,०००|– |

माथि उल्लेखित धरौटी रकम बचत खातामा एयरमार्क गरेमा बैंकले बचत खातामा दिने प्रचलित ब्याजदर अनुसार ब्याज दिइनेछ।

## कबुलियतनामा

लिखितम लिखत गराई लिने.......................... वडा नं............... स्थित राष्ट्रीय वाणिज्य बैंक लि. .......................... कार्यालय, लिखत गरिदिने ................... जिल्ला .................. न.पा./ गा.बि.स.वडा नं............. स्थित कार्यालय रहेको .......................... को तर्फबाट अधिकार प्राप्त ........................ जिल्ला.....................न.पा./ गा.बि.स.वडा नं.............. घर भै हाल........... ............... मा बस्ने वर्ष .............. को .............................. तथा ............... जिल्ला..............न.पा/ गा.वि.स.वडा नं ................ घर भै हाल .......................... मा बस्ने वर्ष ............ को ................................ ले त्यस बैंकको कर्जा / सुविधाको सुरक्षण वापत बैंकमा धितो पारीत गराउने अचल सम्पति, घर जग्गा आदिको मूल्याङ्कन गर्ने सम्बन्धमा मूल्याङ्कनकर्ताको सूचिमा सूचिकृत भै सम्झौता पत्रमा उल्लेखित शर्तहरुको साथै निम्नानुसारको शर्त बन्देज समेतको अधिनमा रही काम कारवाही गर्नेछु भनी यो कबुलियतनामा गरि बैंकलाई दिएं ।

१. म / हामीबाट भएको मूल्याङ्कन बढी देखिन आएमा बैंकले मूल्याङ्कित रकम घटाएमा वा मूल्याङ्कन प्रतिबेदन अस्विकृत गरेमा मेरो /हाम्रो मन्जुरी छ ।

२. बदनियत वा लापरवाहीपूर्वक गरिएको मूल्याङ्कनका कारणले बैंकलाई हानी नोक्सानी हुन गएमा धरौटी रकम जफत वा बैंक जमानत वापतको रकम बैंक स्वयम्ले दाबी गरि लिएमा मेरो / हाम्रो मन्जुरी छ ।

३. मूल्याङ्कनका कारणले बैंकलाई हानी नोक्सानी हुन गई उपरोक्त दफा २ बमोजिम बैंकले लिएको रकमले हानी नोक्सानीको सम्पूर्ण रकम असुल नभई नपुग भएमा बैंकले मेरो / हाम्रो घर घरानाबाट प्रचलित कानून बमोजिम असुल गरि लिएमा मेरो / हाम्रो मन्जुरी छ ।

४. बैंकले तय गरेको नीति नियम, निर्देशनको अधिनमा रही मात्र मूल्याङ्कन कार्य गर्ने छु / छौं । सो अनुसार कार्य भएको नपाइएमा वा गलत मूल्याङ्कन गरेको पाइएमा भविष्यमा बैंकको कुनै पनि मूल्याङ्कन कार्यको लागि अयोग्य घोषित गरि सूचीबाट हटाउने ,नेपाल राष्ट्र बैंकले जारी गरेको कालो सूची सम्बन्धी निर्देशिन अनुसार कालो सूचीमा राख्ने, सो बारे नेपाल राष्ट्र बैंक र नेपाल बैंकर्स संघलाई जानकारी दिएमा वा सूचना प्रकाशित गरेमा मेरो / हाम्रो मन्जुरी छ ।

५. बैंकको शाखा कार्यालय / क्षेत्रीय कार्यालय / केन्द्रीय कार्यालयबाट धितो सुरक्षण मूल्याङ्कन निर्देशिका २०६४ मा उल्लेखित प्रकृया पुरा गरि मूल्याङ्कन गर्न अनुरोध गरिएको पत्र जारी भए पश्चात मात्र मूल्याङ्कन कार्य गरिनेछ । ग्राहकहरुले अनुरोध गरेको आधारमा मूल्याङ्कन कार्य गर्ने छैन/ छैनौं ।

६. मूल्याङ्कन कार्य गरे वापत सम्बन्धित ग्राहकबाट बैंकले तोके बमोजिमको पारिश्रमिक लिन मन्जुरी । बैंकले मूल्याङ्कित रकम कम हुने गरि घटाएमा बैंकले ठहर गरेको मूल्य अनुसार नै पारिश्रमिक लिन मन्जुरी छ । तर मूल्याङ्कन अस्विकृत भएको अवस्थामा कुनै पारिश्रमिक दावी गर्ने छैन / छैनौ ।

७. म / हामी तथा मेरो / हाम्रो कन्सल्टेन्सी यस अघि बैंक तथा वित्तीय संस्थामा मूल्याङ्कनको कार्य गर्दा कारवाहीमा परेको वा कारवाहीको सिलसिलामा सूचिबाट हटाइएको वा कालो सूचीमा राखिएको छैन । त्यस्तो पाइएमा यस बैंकको मूल्याङ्कनकर्ताको सूचीबाट हटाएमा मन्जुरी छ ।

८. मैले / हामीले गरेको मूल्याङ्कन कार्यको बैंकले जुनसुकै बखत अनुगमन वा निरिक्षण गरेमा म / हामीबाट कुनै बाधा अडचन तथा आपत्ती गरिने छैन ।

९. बैंकबाट म / हामी माथी भएको कुनै पनि कारवाहीको सिलसिलामा बैंक उपर कुनै दाबी उजुर गर्ने छैन । गरेमा यसै लिखतलाई आधारमानी बदरभागी हुनेछ ।

१०. मैले / हामीले गरेको मूल्याङ्कन प्रतिको सम्पूर्ण उत्तरदायीत्व म / हामी स्वयमले नै व्यहोर्ने छु / छौं ।

१२. बैंकबाट तोकिएको ढांचा अनुसार नै मूल्याङ्कन कार्य गर्ने छु / छौं ।

इति सम्वत..........साल............महिना..............गते रोज.......................शुभम

# अचल सम्पत्ति मूल्याङ्कनकर्ता र राष्ट्रीय वाणिज्य बैंक लि.बिच भएको

## सम्झौता पत्र

लिखितम लिखत गराई लिने...............जिल्ला....................नगरपालिका वडा नं........स्थित राष्ट्रीय वाणिज्य बैंक लि.................... कार्यालय ......................१ (जसलाई यस पछि यस लिखतमा प्रथम पक्ष भनिएको छ ) लिखत गरिदिने........जिल्ला .......................न.पा. / गा.वि.स.वडा नं........स्थित कार्यालय रहेको............................ को तर्फबाट अधिकार प्राप्त.........................१ (जसलाई यसपछि लिखतमा द्वितिय पक्ष भनिएको छ) समेत जना २ का वीच प्रथम पक्षले कर्जाको सुरक्षण वापत बैंकमा धितो पारित गराउने अचल सम्पति घर जग्गा आदिको मूल्याङ्कन गर्ने सम्बन्धमा मूल्याङ्कनकर्ताको रुपमा सूचिकृत भै निम्नानुसारको शर्त बन्देज अन्तर्गत रही काम कारवाही गर्ने र गराउने बारे करार ऐन, २०५६ बमोजिम एक आपसमा यो करारनामा गरी एक / एक प्रति लियौं / दियौं |

## तपसील

**शर्तबन्देजहरु:**

१. यो सम्झौताको अवधि सम्झौता पत्रमा दस्तखत भएको मिति देखि लागु भई २ (दुई) वर्ष सम्म कायम रहने छ | अवधि भुक्तान भएपछि दुवै पक्षको सहमतिमा सम्झौताको अवधि थप गर्न सकिने छ | सम्झौताको अवधि समाप्त भै पुन: अवधि थप भै नसकेको अवस्थामा पहिलो पक्षले चाहेमा द्वितिय पक्षबाट लिखित निवेदन लिई यहि सम्झौता कायम गर्न सकिने छ |

२. सम्झौताको अवधि जे जति तोकिएको भएतापनि यस सम्झौता पत्रमा उल्लेखित शर्त बन्देज उल्लंघन गरेको अवस्थामा पहिलो पक्षले जुनसुकै बेला पनि दोश्रो पक्षलाई नेपाल राष्ट्र बैंकले जारी गरेको कालो सूची सम्बन्धि निर्देशन अनुसार कालो सूचीमा राख्न वा सूचना प्रकाशित गर्न र स्वीकृत सूचीबाट हटाउन सक्नेछ | तर यसरी कारवाही गर्नु पूर्व पहिलो पक्षले दोश्रो पक्षलाई आफ्नो सफाई दिने मौकाबाट बन्चित गराउने छैन | दोश्रो पक्षले सम्झौता बमोजिम काम गर्न नचाहेमा वा कारणबस विचैमा छोडनु परेमा कम्तिमा १ महिना पूर्व लिखित सूचना दिई अलग हुन सक्नेछ |

३. दोश्रो पक्षले गरेको मूल्याङ्कन कार्यको पहिलो पक्षले जुनसुकै बेला पनि अनुगमन वा स्थलगत निरिक्षण गर्न / गराउन सक्नेछ |

४. दोश्रो पक्षबाट भएको मूल्याङ्कन बढी देखिन आएमा पहिलो पक्षले मूल्याङ्कित रकम घटाउन वा मूल्याङ्कन प्रतिवेदन अस्विकृत गरि नयां मूल्याङ्कनकर्ता खटाउन सक्नेछ |

५. पहिलो पक्षले तय गरेको नीति नियम भित्र रहि दोश्रो पक्षबाट कार्य भएको नपाइएमा वा गलत मूल्याङ्कन गरिएको पाइएमा दोश्रो पक्षले एयरमार्क गरि राखिएको धरौटी रकम जफत वा जमानत वापतको रकम पहिलो पक्षले दाबि गरी लिन पाउने छ | बदनियत वा लापरवाहीपूर्वक गरिएको मूल्याङ्कनको कारणले पहिलो पक्षलाई आर्थिक हानी नोक्सानी हुन गएमा हानी नोक्सानीको सम्पूर्ण रकम दोश्रो पक्षबाट पहिलो पक्षले प्रचलित कानून बमोजिम असुल गरि लिन पाउने छ |

६. पहिलो पक्षले तय गरेको नीति नियम भित्र रही दोश्रो पक्षबाट काम कारवाही भएको नपाइएमा पहिलो पक्षको लागि मूल्याङ्कनकर्ताको हैसियतले कार्य गर्न नपाउने गरी दोश्रो पक्षलाई मूल्याङ्कनकर्ता सूचीबाट हटाउने, नेपाल राष्ट्र बैंकले जारी गरेको कालो सूची सम्बन्धी निर्देशन अनुसार कालो सूचीमा राख्ने, सो विषयमा नेपाल राष्ट्र बैंक र नेपाल बैकर्स संघलाई जानकारी दिनुको साथै सूचना प्रकाशित गर्ने अधिकार पहिलो पक्षमा सुरक्षित रहने छ |

७. पहिलो पक्षले दोश्रो पक्षलाई कुनै सूचना दिनु पर्ने अवस्थामा दोश्रो पक्षले सम्झौता गर्दा दिईएको ठेगानामा (परिवर्तन भएको अवस्थामा दोश्रो पक्षले ठेगाना परिवर्तन भएको विषयमा पहिलो पक्षलाई लिखित जानकारी गराएको अवस्थामा बाहेक) पहिलो पक्षले रजिष्टर्ड पत्र / टेलेक्स / फयाक्स वा अन्य विद्युतिय यान्त्रिक साधनबाट दोश्रो पक्षलाई पठाएको सूचनालाई दोश्रो पक्षले सूचना प्राप्त गरेको मानिने छ।

८. पहिलो पक्षबाट दोश्रो पक्ष माथि कारवाही भएमा पहिलो पक्ष उपर कुनै दाबी उजुर गर्न पाइने छैन।

९. दोश्रो पक्षले गरेको मूल्याङ्कन प्रतिको सम्पूर्ण उत्तरदायीत्व निज स्वयंले नै व्यहोर्नु पर्नेछ।

१०. दोश्रो पक्षले मूल्याङ्कन गर्ने कार्य क्षेत्र निम्न बमोजिम हुनेछ।
................................ स्थित यस बैंकका शाखा कार्यालयहरु।

११. अन्य शर्त बन्देजको हकमा धितो सुरक्षण मूल्याङ्कन निर्देशिका, २०६४ मा उल्लेखित सम्पूर्ण शर्तहरु पालना गर्न द्वितिय पक्ष मन्जुर गर्दछ।

१२. दोश्रो पक्षले पारिश्रमिक बापत पाउने रकममा आयकर लाग्ने अवस्था भएमा नियमानुसार लाग्ने कर रकम दोश्रो पक्ष स्वयंले तिर्नु पर्नेछ।

१३. उपर्युक्त उल्लेखित बाहेक अन्य शर्तहरु दुवै पक्षको आपसी समझदारीमा हेरफेर तथा थपघट गर्न सकिनेछ।

प्रथम पक्षको तर्फबाट
नाम:–
पद:–

द्वितिय पक्षको तर्फबाट अधिकार प्राप्त
नाम:–

इति सम्वत.................साल............ महिना.........गते रोज.............शुभम